## देवानगञ्ज गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## देवानगञ्ज, सुनसरी

### कोशी प्रदेश, नेपाल

## देवानगञ्ज गाउँपालिकाको संघ संस्था दर्ता तथा नियमन सम्बन्धि ऐन, २०८०

गाउँ सभाद्धारा पारित मिति २०८०/०३/३१

# देवानगञ्ज गाउँपालिका सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८०

**प्रस्तावना** : सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रुपान्तरण गर्ने कार्य गर्ने तथा समाज सुधारका निमित्त स्थापना भएका संस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ठ) र दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी देवानगञ्ज गाउँपालिकाले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "देवानगञ्ज गाउँपालिका सङ्घ संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भै प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले देवानगञ्ज गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

(घ) "दर्ता अधिकारी" भन्नाले देवानगञ्ज गाउँपालिकाले निर्णय गरी तोकिदिएको अधिकारीलाई सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा देवानगञ्ज गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ङ) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक विकास कार्यमा प्रचलित कानुनबमोजिम सहयोग गर्ने द्विपक्षिय तथा बहुपक्षीय साझेदारलाई सम्झनुपर्छ।

(च) "नेपाल ऐन" भन्नाले कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्य क्षेत्र यकिन गर्ने सम्बन्धमा बनेको सङ्घीय वा प्रदेश ऐनलाई सम्झनुपर्छ।

(छ) "न्यायिक समिति" भन्नाले नेपालको संविधानमा व्यवस्था भएबमोजिम देवानगञ्ज गाउँपालिकाको न्यायिक समितिलाई सम्झनुपर्छ।

(ज) "गाउँपालिका" भन्नाले देवानगञ्ज गाउँपालिकालाई सम्झनुपर्छ।

(झ) "विधान" भन्नाले यो ऐन अनुसार स्थापना हुने संस्थाको विधानलाई सम्झनुपर्छ।

(ञ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, आर्थिक, व्यवसायिक, परोपकारी कार्यको विकास तथा विस्तार गर्ने उद्धेश्यले स्थापना भएको सङ्घ, संस्था, क्लब, मण्डल, परिषद, अध्ययन केन्द्र आदिलाई सम्झनुपर्छ र सो शब्दलेमैत्री सङ्घसमेतलाई जनाउँनेछ।

(ट) "समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समितिलाई सम्झनुपर्छ।

(ठ) "स्थानीय सरकार" भन्नाले देवानगञ्ज गाउँपालिका भन्ने सम्झनुपर्छ।

**परिच्छेद–२**

**संस्था दर्तासम्बन्धी व्यवस्था**

**३. दर्ता नगरी संस्था स्थापना गर्न नहुने** : (१) यस ऐनबमोजिम संस्था दर्ता नगरी गाउँपालिका क्षेत्रभित्र कुनै पनि संस्था स्थापना गर्नु हुँदैन। संस्था दर्ता गर्न गाउँपालिकामा पेस हुने निवेदनको ढाँचा अनुसूची-१ मा उल्लेख गरे बमोजिम हुनेछ।

(२) संविधान र कानुनले निषेध गरेको कुनै पनि काम गर्ने उद्देश्य भएको कुनै पनि संस्था दर्ता गरिने छैन। संस्था दर्ता भएपछि अनुसूची–२ बमोजिमको दर्ता किताबमा दर्ता गरी अभिलेख राख्नुपर्ने छ। तर यस दफाको प्रतिकूल हुने गरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुने छ।

बेचन प्रसाद मेहता
अध्यक्ष

(३) यस ऐन बमोजिम दर्ता गरिने संस्थालाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिइनेछ ।

४. **संस्थाको दर्ता** : (१) संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले आवश्यकताका आधारमा सात जनादेखि बढीमा पन्ध्र जनासम्मको पदाधिकारी राखी संस्थासम्बन्धी देहायका विवरण खुलाई अनुसूची–४ बमोजिम हुने संस्थाको विधानको एकप्रति तोकिएको दस्तुर बुझाई दर्ता अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ :–

(क) संस्थाको नाम,

(ख) संस्थाको उद्देश्य,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना,

(२) उपदफा (१) बमोजिमको निवेदन पेस गर्दा देहायबमोजिमका कागजातहरु संलग्न भएको हुनुपर्ने छ :–

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ख) कार्य समितिका सदस्यको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) असल चालचलन भएको प्रहरीको सिफारिस पत्र,

(घ) संस्थाको प्रमाणित विधान ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था दर्ता गर्न चाहने कानुनी व्यक्ति भएमा त्यस्तो कानुनी व्यक्तिको वैधानिकता पुष्टि गर्ने र प्रचलित नेपाल कानुनबमोजिम अद्यावधिक रहेको कागजात पेस गर्नुपर्ने छ ।

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी प्रमाणपत्र दिनुपर्ने छ ।

(५) यस ऐनबमोजिम संस्था दर्ता गरी दिईने प्रमाणपत्रको ढाँचा अनुसूची–३ बमोजिम हुनेछ र सो बापतको दर्ता तथा नवीकरण दस्तुर गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

(६) दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको कारण सहितको सूचना १५ दिनभित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र उक्त निर्णय चित्त नबुझे न्यायिक समितिसमक्ष उजुरी दिन सक्ने छ । न्यायिक समितिको निर्णय कार्यान्वयन गर्नु दर्ता अधिकारीको दायित्व हुनेछ ।

५. **संगठित संस्था मानिने** : (१) यस ऐनबमोजिम दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारी वाला स्वशासित र संगठित संस्था हुने छ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ तर कुनै सम्पत्ति प्राप्त गर्दा तिर्नुपर्ने राजस्व छुट लिएको भए सो सम्पत्ति बेचबिखन गर्दाका बखत तोकिएको राजस्व तिर्नुपर्ने छ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पत्ति** : (१) संस्थाको सदस्य, कर्मचारी वा अन्य व्यक्तिले संस्थाको विधान विरुद्ध कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा दर्ता अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी दर्ता अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले न्यायिक समितिसमक्ष पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य, कर्मचारी वा अन्य व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा क्षति गरेमा संस्थाको कुनै सदस्य वा दर्ता अधिकारीले प्रचलित कानुन बमोजिम मुद्दाको कारवाही अघि बढाउन सक्नेछ ।

७. **अघि दर्ता नभई सञ्चालन भएका संस्थाले दर्ता गर्नुपर्ने** : (१) यस ऐन प्रारम्भ हुनुअघि तत्काल प्रचलित कानुनबमोजिम दर्ता नभई सञ्चालन भै रहेका संस्थाहरुले समेत यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस ऐनबमोजिम दर्ता गराउनुपर्ने छ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

(२) संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई गाउँपालिका क्षेत्रभित्र सञ्चालित संस्थाहरुले गाउँपालिकामा निवेदन दिई अद्यावधिक गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम अद्यावधिक गर्नुपर्ने संस्थाहरुका लागि निश्चित समय तोकी गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गर्ने छ ।

परिच्छेद-३

संस्थाको उद्देश्य तथा हिसाब जाँचसम्बन्धी व्यवस्था

८. **संस्थाको उद्देश्यमा हेरफेर** : (१)संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखिएमा वा सो संस्थालाई अर्को कुनै संस्थासँग गाभ्न उचित देखिएमा सो संस्थाको समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्तावउपर छलफल गर्न संस्थाको विधानबमोजिम साधारण सभा बोलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको साधारण सभा मा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको कम्तिमा दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभा बाट पारित भएको मानिने छ । तर सो प्रस्ताव लागू गर्न दर्ता अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने छ ।

९. **हिसाबको विवरण पठाउनुपर्ने** : समितिले आफ्नो संस्थाको हिसाब विवरण लेखा परीक्षण प्रतिवेदनसहित प्रत्येक वर्ष दर्ता अधिकारीसमक्ष पठाउनुपर्ने छ ।

१०. **हिसाब जाँच गर्ने** : (१) दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको दर्तावाला लेखा परीक्षकबाट जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराएबापत दर्ता अधिकारीले हिसाब जाँचवाट देखिन आएको संस्थाको मौज्दातको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृत वा लेखा परीक्षकले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकारीले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन तयार गरी दर्ता अधिकारीसमक्ष पेश गर्नुपर्ने छ । सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुनबमोजिम कारवाही चलाउन सक्नेछ ।

तर प्रचलित कानुनले सजाय हुने अपराध भएकोमा प्रचलित कानुनबमोजिम मुद्दा चलाउनुपर्नेछ ।

परिच्छेद-४

विविध

११. **निर्देशन दिने** : गाउँपालिकाले यस ऐनबमोजिम दर्ता भएका संस्थालाई आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. **दण्ड सजाय** : देहायवमोजिमको कार्य गरेबापत दर्ता अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछ :–

(क) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगराई संस्था सञ्चालन गरेमा त्यस्तो संस्थाको समितिका सदस्यहरुलाई दर्ता अधिकारीले जनही रु. ५,००० जरिवाना गर्न सक्नेछ ।

(ख) दफा ९ बमोजिमको हिसाबको विवरण नपठाएमा समितिका सदेस्यहरुलाई जनही रु.१,००० हजारसम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिई सकभर विवरण पठाउन प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गरेमा निजलाई सजाय गरिने छैन ।

(ग) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई दर्ता अधिकारीले रु. १,००० हजारसम्म जरिवाना गर्न सक्नेछ ।

बैचन प्रसाद मेहता
अध्यक्ष

(घ) दफा ८ बमोजिम दर्ता अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभिएमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशनपालना नगरेमा दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

१३. **पुनरावेदन** : दफा १३ बमोजिम दर्ता अधिकारीले गरेको निर्णय उपर चित्त नबुझेमा पैंतीस दिनभित्र न्यायिक समितिसमक्ष पुनरावेदन गर्न सकिनेछ ।

१४. **संस्थाको विघटन र त्यसको परिणाम** : (१) संस्थाको विधानबमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्ने छ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ ।

१५. **प्रचलित कानुनबमोजिम हुने** : गाउँपालिकामा दर्ता भएको संस्था गाउँपालिकाको भौगोलिक क्षेत्रबाहिर प्रचलित कानुनबमोजिम क्रियाशिल हुन सक्नेछ ।

१६. **नवीकरण र प्रतिवेदनसम्बन्धी व्यवस्था** : (१) दर्ता भएका संस्थाहरुले वार्षिक रुपमा नवीकरण गराउनुपर्ने छ । नवीकरणका लागि दिईने निवेदनमा वार्षिक प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, गाउँपालिकालाई तिर्नु/बुझाउनु पर्ने राजस्व तिरेको कागजात समेत अनिवार्य रुपमा संलग्न भएको हुनुपर्ने छ । नवीकरण दस्तुर गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

१७. **नियमावली बनाउन सक्ने** : यस ऐन कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

१८. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने** : यस ऐन कार्यान्वयनका लागि गाउँपालिकाले कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

बचन ... मेहता
अध्यक्ष

देवानगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
कोशी प्रदेश, नेपाल

**अनुसूची–१**

दफा ३ को उपदफा (१) सँग सम्बन्धित

संस्था दर्ता गर्न दिने निवेदनको ढाँचा

मितिः

श्री दर्ता अधिकारीज्यू,
देवानगञ्ज गाउँपालिका ।

हामीले ............................... सम्बन्धी संस्था खोल्न चाहेकोले देवानगञ्ज गाउँपालिका सङ्घ संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन, २०८० बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

**विवरण**

१. संस्थाको नाम :

२. संस्थाको उद्देश्य :

(क)

(ख)

३. समितिका पदाधिकारी/सदस्यहरुको:–

नाम ठेगाना पेशा हस्ताक्षर (क)

(ख)

(ग)

४. संस्था सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक श्रोत :

५. कार्यालयको ठेगाना :

मिति :

वेद्मन प्रसाद मेहता
अध्यक्ष

देवानगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवानगञ्ज, सुनसरी कोशी प्रदेश, नेपाल

अनुसूची–२

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

दर्ता किताबको ढाँचा

संस्थाको दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

बेचन प्रसाद मेहता
अध्यक्ष